# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, पुस १९ गते २०५६ साल (अतिरिक्तांक ३९


## भाग २

श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको अठ्ठाईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**२०५६ सालको ऐन नं. ९**

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

[illegible] प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही महसुल, कर, पोत, शुल्क र दस्तुर लगाउन, लगाइ राखेकोलाई चालू राख्न वा हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको अठ्ठाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०५६" रहेकोछ ।

(२) यस ऐनको दफा १, २, ३, ४, ६ र ७ २०५६ साल आषाढ २७ गतेदेखि र अन्य दफाहरु २०५६ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. भन्सार महसुल : (१) विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरुमा अनुसूची-१ बमोजिम भन्सार महसुल (साधारण भन्सार महसुल, थप भन्सार महसुल र समकारक महसुल) लगाइने र असुल उपर गरिनेछ ।

(२) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने मालवस्तुहरुमा अनुसूची-२ बमोजिम भन्सार महसुल लगाइने र असुल उपर गरिनेछ ।

३. निकासी सेवा शुल्क : आर्थिक वर्ष २०५६/५७ मा आर्थिक ऐन, २०५५ बमोजिम निकासी सेवा शुल्क असुल उपर गरिनेछ ।

४. अन्तःशुल्क : आर्थिक वर्ष २०५६/५७ मा नेपाल अधिराज्यभित्रको मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थमा अनुसूची-३ बमोजिम अन्तःशुल्क लगाइने र असुल उपर गरिनेछ ।

५. मूल्य अभिवृद्धि कर : आर्थिक वर्ष २०५६/५७ मा अनुसूची-४ बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असुल उपर गरिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **धुम्रपान तथा मदिरा दस्तुर** : (१) आर्थिक वर्ष २०५६/५७ मा चुरोट, मदिरा, बीयर आदिको उत्पादन तथा पैठारीमा निम्नानुसार दस्तुर लगाइने र असुल उपर गरिनेछ :-

(क) स्वदेशी चुरोट प्रति खिल्लीमा दुई पैसा।

(ख) विदेशी चुरोट प्रति खिल्लीमा पाँच पैसा।

(ग) सिगार प्रति खिल्लीमा दश पैसा।

(घ) २५, ३० र ४० यू.पी. शक्तिको स्वदेशी बोतलबन्दी मदिरा प्रति एल.पी. लिटरमा दश रुपैयाँ।

(ङ) ५५ र ६५ यू.पी. शक्तिको पाउच बन्दी स्वदेशी मदिरा प्रति एल.पी. लिटरमा पाँच रुपैयाँ।

(च) स्वदेशी बीयर प्रति लिटरमा एक रुपैयाँ।

(छ) विदेशी मदिरा प्रति बोतल, क्यान वा पाउचमा बीस रुपैयाँ।

(ज) विदेशी बीयर, वाइन, स्याम्पेन, शेरी र यस्तै फर्मण्टेड प्रक्रियाबाट उत्पादित अल्कोहल कम भएका पेय पदार्थ प्रति बोतल, क्यान वा पाउचमा पाँच रुपैयाँ।

(२) उपदफा (१) बमोजिम असुल भएको दस्तुर स्वास्थ्य कर कोषमा जम्मा गरी त्यसको निश्चित रकम क्यान्सर, क्षयरोग तथा यस्तै अन्य रोगको रोकथाम तथा उपचार कार्यमा खर्च गरिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मदिरा नियन्त्रण सेवा दस्तुर : (१) आर्थिक वर्ष २०५६/५७ मा वाइन र बीयरको उत्पादन वा पैठारीमा क्रमशः प्रति लिटर पचास र पच्चीस पैसा र अन्य सबै प्रकारको मदिराको उत्पादन वा पैठारीमा प्रति एल.पी. लिटर एक रुपैयाँ मदिरा नियन्त्रण सेवा दस्तुर लगाई असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम असुल भएको दस्तुर मदिरा नियन्त्रण सेवा दस्तुर कोषमा जम्मा गरी सो रकम अवैध मदिरा नियन्त्रण गर्ने कार्यमा खर्च गरिनेछ।

८. चलचित्र विकास शुल्क : (१) आर्थिक वर्ष २०५६/५७ मा अनुसूची-५ बमोजिम चलचित्र विकास शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम चलचित्र विकास शुल्क लगाउने प्रक्रिया, बुझाउने कार्यालय, बुझाउने कार्यविधि, जम्मा गरिने कोष र खर्च गरिने प्रक्रिया सम्बन्धी व्यवस्था सोही अनुसूचीमा तोकिए बमोजिम हुनेछ।

तर यस्तो रकमको दश प्रतिशतभन्दा बढी रकम प्रशासकीय कार्यमा खर्च गर्न पाइने छैन र कोषको हिसाब किताबको लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ।

९. आयकर : आर्थिक वर्ष २०५६/५७ मा अनुसूची-६ बमोजिम आयकर लगाइने र असुल उपर गरिनेछ।

१०. घर जग्गा कर : आर्थिक वर्ष २०५६/५७ मा आर्थिक ऐन, २०५५ बमोजिम घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ।

११. सवारी साधन कर : आर्थिक वर्ष २०५६/५७ मा अनुसूची-७ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. **ब्याज कर** : आर्थिक वर्ष २०५६/५७ मा आर्थिक ऐन, २०५५ बमोजिम ब्याज कर लगाइने र असुल उपर गरिनेछ ।

१३. **घर जग्गा बहाल कर** : आर्थिक वर्ष २०५६/५७ मा आर्थिक ऐन, २०५५ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

१४. **मालपोत तथा भूमि कर** : आर्थिक वर्ष २०५६/५७ मा अनुसूची-८ बमोजिम मालपोत तथा भूमि कर लगाइने र असुल उपर गरिनेछ ।

१५. **रजिष्ट्रेशन दस्तुर** : आर्थिक वर्ष २०५६/५७ मा अनुसूची-९ बमोजिम रजिष्ट्रेशन दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१६. **स्थानीय विकास शुल्क** : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मालवस्तु नेपाल अधिराज्यभित्र पैठारी हुँदा त्यस्तो मालवस्तुमा भन्सार प्रयोजनको लागि कायम हुने मूल्यको डेढ प्रतिशतका दरले सोही सूचनामा तोकिएको मितिदेखि स्थानीय विकास शुल्क लगाई त्यस्तो मालवस्तु पैठारी गर्दाकै अवस्थामा भन्सार कार्यालयबाट असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम असुल गरेको शुल्क स्थानीय विकास शुल्क कोष खडा गरी जम्मा गरिनेछ । सो रकम कार्य संचालन र विकास निर्माणको लागि खर्च गर्ने गरी नगरपालिकालाई वितरण गरिनेछ ।

तर यस्तो रकमको दश प्रतिशतभन्दा बढी रकम प्रशासकीय कार्यमा खर्च गर्न पाइने छैन र कोषको हिसाब किताबको लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

१७. **साफ गेम शुल्क** : (१) श्री ५ को सरकारले आर्थिक ऐन, २०५५ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लगाई आएको साफ गेम शुल्क आ.व. २०५६/५७ मा पनि लगाई असुल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम असुल गरेको शुल्क छुट्टै कोष खडा गरी जम्मा गरिनेछ । सो रकम साफ गेमसंग सम्बन्धित खेलकूद विकास तथा पूर्वाधार निर्माण गर्ने कार्यमा खर्च गरिनेछ ।

तर यस्तो रकमको दश प्रतिशतभन्दा बढी रकम प्रशासकीय कार्यमा खर्च गर्न पाइने छैन र कोषको हिसाब किताबको लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

१८. प्रदूषण नियन्त्रण शुल्क : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि काठमाडौं उपत्यकाभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर पचास पैसा नेपाल आयल निगमको बिक्री मूल्यमा प्रदूषण नियन्त्रण शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम असुल गरेको शुल्क छुट्टै कोष खडा गरी जम्मा गरिनेछ । सो रकम वातावरण संरक्षण गर्ने प्रयोजनको निमित्त प्रदूषण नियन्त्रण गर्ने कार्यमा खर्च गरिनेछ ।

१९. टेलिफोन स्वामित्व शुल्क : (१) आर्थिक वर्ष २०५६/५७ मा टेलिफोन जडान गर्ने ग्राहकसित टेलिफोन स्वामित्व शुल्क बापत एकहजार पाँचसय रुपैयाँ असुल उपर गरिनेछ । टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम असुल उपर गरिनेछ ।

9862

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. पर्यटन सेवा शुल्क : (१) मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको पर्यटन व्यवसायीले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा आपूर्ति गरेमा त्यस्तो वस्तु वा सेवामा आर्थिक वर्ष २०५६/५७ मा दुई प्रतिशतका दरले पर्यटन सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

तर मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता नभएका पर्यटन व्यवसायीबाट पर्यटन विकास बोर्डले यस्तो शुल्क लगाई असुल उपर गर्न सक्नेछ । यस्तो सेवा शुल्क दुई प्रतिशतभन्दा बढी हुने छैन । त्यसरी शुल्क असुल गर्ने प्रक्रिया श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भए तापनि मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको पर्यटन व्यवसायीले पूरै प्याकेजमा एकपटक पर्यटन सेवा शुल्क बुझाई सकेपछि पुनः सोही प्याकेजबाट भुक्तानी हुनेमा दोहोरो सेवा शुल्क लगाई असुल उपर गरिने छैन ।

(३) पर्यटन व्यवसायीले सेवा शुल्क बुझाएको भौचर मूल्य अभिवृद्धि करको मास्केवारी बुझाउँदा अलगै रुपमा मूल्य अभिवृद्धि कर कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम असुल उपर भएको शुल्क छुट्टै कोष खडा गरी जम्मा गरिनेछ । सो शुल्कको रकम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यमा खर्च गरिनेछ ।

तर यस्तो रकमको दश प्रतिशतभन्दा बढी रकम प्रशासकीय कार्यमा खर्च गर्न पाइने छैन र कोषको हिसाब किताबको लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्नेछ ।

१४६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. <u>ग्रामीण शिक्षा विकास शुल्क</u> : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यभित्र निजी क्षेत्रद्वारा संचालित विद्यालयहरुबाट तोकिए बमोजिमको रकम ग्रामीण शिक्षा विकास शुल्क बापत असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम असुल गरेको शुल्क ग्रामीण शिक्षा विकास कोष खडा गरी जम्मा गरिनेछ । त्यस्तो रकम ग्रामीण क्षेत्रका सरकारी अनुदान प्राप्त विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक र विद्यालयको भौतिक पूर्वाधार विकासको लागि खर्च गरिनेछ ।

२२. <u>दूरसञ्चार सेवा दस्तुर</u> : आर्थिक वर्ष २०५६/५७ मा दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकसंग लिने महसुलको दश प्रतिशत रकम त्यस्तो सेवा उपलब्ध गराउने निकायबाट असुल उपर गरिनेछ ।

२३. <u>दर घटाउन वा छुट दिन सक्ने</u> : श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल र कर छुट दिन सक्नेछ ।

१८६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

१. भन्सार महसुल

विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुमा आर्थिक ऐन, २०५५ को अनुसूची-१ मा उल्लिखित परिच्छेद र भागका द्रष्टव्यहरु, शीर्षक, उपशीर्षकहरु, माल वा वस्तुका नामहरु र अन्य व्यवस्थाहरुमा समेत देहाय बमोजिम संशोधन र थप गरी भन्सार महसुल दर लगाइएकोछ । यसमा उल्लिखित संशोधन र थप बाहेकका परिच्छेद र भागका द्रष्टव्यहरु, शीर्षक, उपशीर्षकहरु, माल वा वस्तुका नामहरु, अन्य व्यवस्थाहरु र माल वा वस्तुको पैठारीका दरहरु समेत आर्थिक ऐन, २०५५ बमोजिम नै हुने छन् ।

१.१ माथि दफा १ मा जेसुकै उल्लेख भए तापनि यात्रुहरुले महसुल माफीमा ल्याउन पाउने मालसामान बाहेक गुण्टा झिटी भारी आदेश अनुसार विदेशबाट आफूसंग ल्याएको (एकम्पनिङ) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिङ) मालसामानमा भन्सार महसुल, समकारक महसुल तथा मूल्य अभिवृद्धि कर नलगाई निम्न बमोजिम एकमुष्ट समदरबाट भन्सार महसुल लागनेछ ।

(क) ५% र १०% भन्सार महसुल लाग्ने मालवस्तुमा ३५% (पैंतीस) प्रतिशत

(ख) १५% भन्सार महसुल लाग्ने मालवस्तुमा ४५% (पैंतालीस) प्रतिशत

(ग) २५% भन्सार महसुल लाग्ने मालवस्तुमा ६०% (साठी) प्रतिशत

(घ) ४०% प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा ७५% (पचहत्तर) प्रतिशत

गुण्टा झिटी भारी आदेश सम्बन्धी सूचनामा तोकिएको संख्याभन्दा बढी भएको मालवस्तु जफत हुनेछ । यो उपदफा १.१ २०५६ भाद्र १ गतेदेखि लागू हुनेछ ।

१.२ तर सुन, चाँदी (गहना समेत), चुरोट, पाइप टोबाको, मदिरा, सवारी साधनहरु, हातहतियार, खरखजाना एवं अन्य आयात इजाजतपत्र लिई पैठारी गर्न पाइने वस्तुहरुमा दरबन्दी बमोजिम नै महसुल लगाइनेछ ।

२. विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुमा नेपाल अधिराज्यभित्र उत्पादन हुने वा उत्पादन भएमा त्यस्तै वस्तुमा लाग्ने अन्तशुल्क दर बमोजिम समकारक महसुल लागनेछ ।

स्पष्टीकरण : अन्तशुल्क दरबन्दीमा परेका मालवस्तुमा तत्काल नेपालभित्र उत्पादन भई नसकेको भए तापनि समकारक महसुल लागनेछ ।

३. भारतमा उत्पादित मालवस्तु भारतबाटै नेपाल अधिराज्यभित्र पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा ४० प्रतिशतसम्मको दरमा २० प्रतिशत र सोभन्दा माथिको दरमा १० प्रतिशत छुट दिई महसुल असुल गरिनेछ।

४. जनवादी गणतन्त्र चीनको तिव्वत स्वशासित क्षेत्रमा उत्पादित मालवस्तु नेपाल अधिराज्यभित्र पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा ४० प्रतिशतसम्मको दरमा २० प्रतिशत र सोभन्दा माथिको दरमा १० प्रतिशत छुट दिई महसुल असुल गरिनेछ।

५. जनवादी गणतन्त्र चीनको तिव्वत स्वशासित क्षेत्रबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुमा सम्बन्धित मुलुकहरुबाट नेपाल अधिराज्यभित्र पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने पैठारी भन्सार महसुलमा १० प्रतिशत छुट दिई महसुल असुल गरिनेछ।

६. अधिकतम सौविध्य प्राप्त मुलुकहरुमा निर्मित मालवस्तु सोही मुलुकमा एल.सी. खोली, विल विजक बनी सोही मुलुकबाटै सिप्मेण्ट भई पैठारी भएमा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा ५ प्रतिशत छुट दिई पैठारी महसुल असुल गरिनेछ।

| शीर्षक | उपशीर्षक | मालवस्तुको विवरण | साधारण पैठारी भन्सार महसुल दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा |
|---|---|---|---|
| ०५.११ | | अन्यत्र नपरेको जीवजन्तुजन्य उत्पादनहरु; भाग १ वा ३ मा पर्ने मासु खान नहुने मरेका जनावरहरु। | |
| | | – अन्य : | |
| | | -- अन्य | |
| | ०५११.९९.१० | --- रेशम किराको फुल | माफी |
| | ०५११.९९.९० | --- अन्य | १०% |
| ०८.०२ | | अन्य काष्ठफलहरु, ताजा वा सुकाएको खवटा फुटाएको वा नफुटाएको, बोक्रा ताछेको वा नताछेको। | |
| | ०८०२.४०.०० | – कटुस (चेष्टनट) | १०% |

a8Ch

| | | | |
|---|---|---|---|
| ०८.०४ | | खजूर (छोहोडा), अंजीर, भुइँकटहर, एभोकेडो (नास्पाती जस्तो फल), अम्बा, आँप, म्याङ्गोष्टीन, ताजा वा सुकेको । | |
| | | - अंजीर | |
| | ०८०४.२०.९० | -- अन्य | १५% |
| ०८.०६ | | ताजा अथवा सुख्खा अंगुर | |
| | ०८०६.२०.०० | - सुकाएको | १५% |
| ०८.११ | | उमालेर वा वफाएर पकाएको वा नपकाएको, हिमीकृत गरेको, चिनी वा गुलियो हालेको वा नहालेको फलफूल र काष्ठफलहरु (नट्स्) । | |
| | ०८११.१०.०० | - भूइँ ऐंसेलु, काफल (स्ट्रबेरी) | १५% |
| | ०८११.२०.०० | - ऐंसेलु (रैस्पवेरी), घ्याम्पे ऐंसेलु (ब्ल्याकवेरी), किम्बु (मलबेरी), लोगानवेरी, कालो, रातो वा सेतो किसमिस (क्यूरान्ट्स), गुजबेरी (काँढेगुली) | १५% |
| | ०८११.९०.०० | - अन्य | १५% |
| ०८.१२ | | सल्फरडाइअक्साइड ग्यासमा (नून पानी, गन्धक पानीमा वा यस्तै अन्य सुरक्षित राख्ने तरल पदार्थमा राखी) अस्थायी रुपमा सुरक्षित गरिएको, तर त्यस स्थितिमा तुरुन्त खान उपयुक्त नहुने खालका फलफूल र काष्ठफलहरु । | |
| | ०८१२.१०.०० | - पैयूँ (चेरिज) | १५% |
| | ०८१२.२०.०० | - भूइँ ऐंसेलु, काफल (स्ट्रबेरी) | १५% |
| | ०८१२.९०.०० | - अन्य | १५% |
| ०८.१३ | | शीर्षक नं. ०८.०१ देखि ०८.०६ सम्मको बाहेक सुकाएको फलफूल; यस भागका काष्ठफल वा सुख्खा फलफूलहरुको मिश्रणहरु । | |
| | ०८१३.१०.०० | - खुर्पानी (एप्रीकोट्स) | १५% |

९८०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ०८१३.२०.०० | - सुकाएको आरुबखडा (प्रुन्स) | १५% |
| | ०८१३.३०.०० | - स्याउ | १५% |
| | ०८१३.४०.०० | - अन्य फलफूल | १५% |
| | ०८१३.५०.०० | - यो भागको काष्ठफलहरु वा सुख्खा फलफूलहरुको मिश्रण | १५% |
| ०८.१४ | ०८१४.००.०० | अमीलो (सिटरस) जातिका फल वा खरबुजा, तरबुजाको बोक्राहरु, ताजा, हिमीकृत, सुकाएको वा नूनपानी, गन्धक पानी वा अन्य सुरक्षण घोलमा अस्थायी रुपले सुरक्षित गरिएको । | १५% |
| ०९.०१ | | कफी भुटेको वा नभुटेको वा क्याफीन (कफीको क्षेरोद) छुट्याएको वा नछुट्याएको; कफीको ढुटो र बोक्रा; कुनै पनि अनुपातमा कफीको मात्रा रहेको कफीको बदलामा प्रयोग गरिने अर्को कुनै चीज । | |
| | | - भुटेको कफी : | |
| | ०९०१.२१.०० | -- क्याफिन (क्षेरोद) सहित | ४०% |
| | ०९०१.२२.०० | -- क्याफिन (क्षेरोद) रहित | ४०% |
| | ०९०१.९०.०० | - अन्य | ४०% |
| ०९.०६ | | दालचिनी र दालचिनीको रुखको फूलहरु । | |
| | ०९०६.१०.०० | - नधुल्याइएको | १५% |
| | ०९०६.२०.०० | - धुल्याइएको र टुक्रा पारेको | १५% |
| ०९.०७ | ०९०७.००.०० | ल्वाङ (सिङ्गो ल्वाङ र भेट्नो) | १५% |
| ०९.०८ | | जाइफल, जाइपत्री र अलैंची । | |
| | ०९०८.३०.०० | - अलैंची तथा सुकुमेल | १५% |
| ०९.०९ | | सौंप (एनिस), बेडीयन, फेनेल (सौंप), धनियाँ, जीरा, कारावे वा जुनिपर बेरिज (रक्सी वा औषधि बनाउँदा काम लाग्ने बिरुवा) को गेडा । | |

१४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ०९०९.४०.०० | – क्याराबेको गेडा | ५% |
| ०९.१० | | अदुवा, केशर, हलेदो (बेसार), तेजपात, पुदिना, तरकारीको (करी) र अन्य मसलाहरु। | |
| | ०९१०.२०.०० | – केशर | १५% |
| ११.०७ | | जौको पिठो (माल्ट), भुटेको वा नभुटेको | |
| | ११०७.१०.०० | – नभुटेको | १५% |
| | ११०७.२०.०० | – भुटेको | १५% |
| १५.०७ | | रासायनिक परिवर्तन नगरेको, प्रशोधन गरेको वा नगरेको भटमासको तेल र तैलांश | |
| | १५०७.९०.०० | – अन्य | १५% |
| १५.०८ | | रासायनिक परिवर्तन नगरेको, प्रशोधन गरेको वा नगरेको बदाम (ग्राउण्ड नट) को तेल र तैलांश | |
| | १५०८.९०.०० | – अन्य | १५% |
| १५.११ | | रासायनिक परिवर्तन नगरेको, प्रशोधन गरेको वा नगरेको ताड (खजूर) को तेल र तैलांश | |
| | १५११.९०.०० | – अन्य | १५% |
| १५.१३ | | रासायनिक परिवर्तन गरिएको, प्रशोधन गरेको वा नगरेको नरीवल (कोप्रा), ताड (वा खजूर) वा ब्राजिलमा हुने एक किसिमको ताड वा खजूर (बाबासु) को तेल र तैलांश | |
| | | – नरीवल (कोप्रा) को तेल र तैलांश : | |
| | १५१३.१९.०० | -- अन्य | १५% |
| | | – ताड (खजूर) को वा बाबासुको तेल तैलांश : | |
| | १५१३.२९.०० | -- अन्य | १५% |
| १५.१५ | | रासायनिक परिवर्तन नगरेको, प्रशोधन गरेको वा नगरेको विच्छेदन बिना वाफमा परिवर्तन नहुने अन्य वनस्पति (फिक्स भेजिटेबल) को बोसो र तेल (जोजोबाको तेल समेत) र तैलांश। | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | - आलसको तेल र तैलांश : | |
| | १५१५.१९.०० | -- अन्य | १५% |
| | | - मकैको तेल र तैलांश : | |
| | १५१५.२९.०० | -- अन्य | १५% |
| १५.१६ | | आंशिक वा पूर्णरुपले उद्‌जनीकृत (हाइड्रोजनेटेड), इण्टर इस्टेरिफाइड, रि-इस्टेरिफाइड वा इलाइडिनाइज्ड, शुद्ध पारिएको वा नपारिएको तर त्यसभन्दा बढी केही नगरिएको जीवजन्तुजन्य वानस्पतिक बोसो, तेल र तिनको तैलांश । | |
| | १५१६.२०.०० | - वनस्पतिको बोसो, तेल र तैलांश | १५% |
| १५.१७ | | मार्गारिन (कृत्रिम नौनी), शीर्षक नं. १५.१६ अन्तर्गतका खान हुने बोसो, तेल र तिनका तैलांश बाहेक यस भागका जीवजन्तुजन्य वा वानस्पतिक विभिन्न बोसो, तेल र तिनका तैलांशहरुको खान हुने मिश्रण वा तयारी वस्तुहरु । | |
| | १५१७.१०.०० | - तरल मार्गारिन बाहेकको मार्गारिन (कृत्रिम नौनी) | १५% |
| | १५१७.९०.०० | -- अन्य | १५% |
| १५.१८ | १५१८.००.०० | शीर्षक नं. १५.१६ को बाहेक जीवजन्तुजन्य वा वानस्पतिक तेल, उमालिएको, अक्सीकरण गरिएको, वाष्परहित गरिएको, गन्धक मिसाइएको, ब्लोन, वायु नभएको ठाउँमा वा अकृयाशील ग्यास भएको ठाउँमा तताएर संगठित पारिएको (पोलिमराइज्ड) वा अन्य किसिमले रासायनिक रुपमा परिवर्तन गरिएको जनावर वा वनस्पतिको बोसो, तेल र तैलांश र अन्यत्र नपरेको यो भागको खान नहुने जीवजन्तुजन्य वा वानस्पतिक बोसो, तेल र तैलांशको मिश्रण वा अन्य तयारी वस्तु । | १५% |